# कानून कार्यान्वयन गर्ने निकाय (LEA) हरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाई (FIU-Nepal) को आयोजनामा मिति २०७९ असार २० गते सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकाय (Law Enforcement Agencies-LEA) हरुसँग विद्युतीय माध्ययमबाट अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजश्व अनुसन्धान विभाग, आन्तरिक राजस्व विभाग, नेपाल प्रहरी (केन्द्रीय अनुसन्धान ब्यूरो तथा साईबर ब्यूरो), वैदेशिक रोजगार विभाग, भन्सार विभाग, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा वित्तीय जानकारी इकाईका प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।




कार्यक्रममा इकाई प्रमुख दीर्घ बहादुर रावलज्यूले सहभागीहरुलाइ धन्यवाद ज्ञापन गर्दै AML/CFT सम्बन्धी राष्ट्रिय अभिभारा पुरा गर्न सम्पूर्ण सम्बन्धित निकायहरुबीच समन्वय र सहकार्य अत्यन्त आवश्यक रहेको स्मरण गराउनुभयो । इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले कार्यक्रमबारे जानकारी दिदै सम्पूर्ण सहभागीहरुलाई कार्यक्रममा स्वागत गर्नुभएको थियो । इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले FIU र LEA बीच समन्वय, सहकार्य र पृष्ठपोषण, goAML System मार्फत सूचना आदानप्रदान, Egmont Group मार्फत गरिने International Cooperation, आपसी समझदारीपत्र (MOU) लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

छलफल तथा अन्तरक्रियाको क्रममा उप-निर्देशक डा. हरि कुमार नेपाल तथा इकाईका उप-निर्देशक अस्मिता गोर्खालीले नेपालको पारस्परिक मूल्याङ्कन (Mutual Evaluation) को तयारी सम्बन्धी पछिल्लो जानकारी प्रस्तुत गर्नुभएको थियो । सहायक निर्देशक अमिष शर्माले सञ्चालन गर्नुभएको सो कार्यक्रममा सहायक निर्देशक प्रतिभा थापा, सहायक निर्देशक स्वेच्छा घिमिरे तथा प्रधान सहायक होम बहादुर काउचाले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।